# संघीय संसद

# प्रतिनिधि सभा

# राज्य व्यवस्था तथा सुशासन समिति

राष्ट्रिय सभामा उत्पत्ति भई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित उक्त सभाबाट पारित भएको

**अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी प्रतिवेदन**

१. अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को प्रस्तावनाको सट्टा राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको प्रतिवेदन (यसपछि "प्रतिवेदन" भनिएको) को बुँदा नं. १ को प्रस्तावनामा रहेको "नतिजामुखी" भन्ने शब्दको सट्टा "नतिजामुखी, पारदर्शी" भन्ने शब्दहरु राख्ने।

२. विधेयकको दफा १, प्रतिवेदनको बुँदा नं. २ मा रहेका "२०७८" भन्ने अङ्कहरूको सट्टा "२०८०" भन्ने अङ्कहरू राख्ने।

३. विधेयकको दफा ५, प्रतिवेदनको बुँदा नं. ५ मा राखिएको दफा ५ को,-

(१) उपदफा (१) मा रहेका "गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "गर्नु वा गराउनु पर्नेछ" भन्ने शब्दहरु राखी सोही उपदफाको खण्ड (क) पछि देहायका खण्ड (ख) र (ग) थपी त्यसपछिका खण्डक्रम मिलाउनेः-

"(ख) योजना कार्यान्वयन गर्न आवश्यक जनशक्ति भए वा नभएको,

(ग) दफा २७ बमोजिम सार्वजनिक परीक्षण, सामाजिक परीक्षण वा सार्वजनिक सुनुवाई भए नभएको,"

(२) उपदफा (२) मा रहेका "गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "गर्नु वा गराउनु पर्नेछ" भन्ने शब्दहरु राखी सोही उपदफाको खण्ड (ग) पछि देहायको खण्ड (घ) थपी त्यसपछिका खण्डक्रम मिलाउनेः-

"(घ) निर्धारित समयमा योजना सम्पन्न भए वा नभएको"

४. विधेयकको दफा ६ दफाक्रम मिलाउँदा कायम हुने दफा ७ को खण्ड (क) मा रहेको "औचित्य" भन्ने शब्दको सट्टा "औचित्य, सम्भावित असर" भन्ने शब्दहरु राख्ने।

५. विधेयकको दफा ९ दफाक्रम मिलाउँदा कायम हुने दफा १०, प्रतिवेदनको बुँदा नं. ९ मा राखिएको दफा १० को उपदफा (२) मा रहेका "वर्षमा कम्तीमा" भन्ने शब्दहरुको सट्टा "छ महिनामा" भन्ने शब्दहरु राख्ने।

६. विधेयकको दफा १२ दफाक्रम मिलाउँदा कायम हुने दफा १४, प्रतिवेदनको बुँदा नं. १२ मा राखिएको दफा १४ को उपदफा (१) मा रहेको "मूल्याङ्न" भन्ने शब्दको सट्टा "मूल्याङ्कन" भन्ने शब्द राख्ने।

७. विधेयकको दफा १३ दफाक्रम मिलाउँदा कायम हुने दफा १५, प्रतिवेदनको बुँदा नं. १२ मा राखिएको दफा १५ को,-

(१) उपदफा (६) मा रहेका "गाउँपालिका वा नगरपालिकाले निर्धारण गरे बमोजिम" भन्ने शब्दहरुको सट्टा "स्थानीय कानून बमोजिम" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (९) मा रहेको "उपनियम" भन्ने शब्दको सट्टा "उपदफा" भन्ने शब्द राख्ने।

८. विधेयकको दफा १८ दफाक्रम मिलाउँदा कायम हुने दफा २०, प्रतिवेदनको बुँदा नं. १५ मा राखिएको दफा २० को ठाउँ ठाउँमा रहेका "अनुगमन वा मूल्याङ्कन" भन्ने शब्दहरुको सट्टा "अनुगमन तथा मूल्याङ्कन" भन्ने शब्दहरु राख्ने।

९. विधेयकको दफा १९ दफाक्रम मिलाउँदा कायम हुने दफा २२ को उपदफा (१) मा रहेका "अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सर्वोच्च संयन्त्रका रुपमा" भन्ने शब्दहरुको सट्टा "विकास नीति, योजना तथा सोको प्रगति समीक्षा, समस्याको समाधान लगायत नीतिगत विषयमा काम गर्न" भन्ने शब्दहरु राख्ने ।

१०. विधेयकको दफा २१ दफाक्रम मिलाउँदा कायम हुने दफा २४, प्रतिवेदनको बुँदा नं. १९ को सट्टा देहायको बुँदा नं. १९ राख्नेः-

"१९. विधेयकको दफा २१ दफाक्रम मिलाउँदा कायम हुने दफा २४ को उपदफा (१) को,-

(१) खण्ड (ज) मा कोष्ठभित्र रहेको "अनुसन्धान" भन्ने शब्दको सट्टा "अनुगमन" भन्ने शब्द राख्ने ।

(२) खण्ड (ठ) मा रहेको "प्रमुख" भन्ने शब्दको सट्टा "सहसचिव" भन्ने शब्द राख्ने।"

११. विधेयकको दफा ३० दफाक्रम मिलाउँदा कायम हुने दफा ३३, प्रतिवेदनको बुँदा २२ मा राखिएको दफा ३३ कोः-

(१) उपदफा (१) को खण्ड (ख) मा रहेको "वा" भन्ने शब्द झिकी सोही उपदफाको खण्ड (ग) को अन्त्यमा "वा" भन्ने शब्द राख्ने।

(२) ठाउँ ठाउँमा रहेका "अनुगमन वा मूल्याङ्कन" भन्ने शब्दहरुको सट्टा "अनुगमन तथा मूल्याङ्कन" भन्ने शब्दहरु राख्ने।

(सुरज कुमार दुरा)
समिति सचिव

(रामहरि खतिवडा)
सभापति

मितिः २०८०/१०/२३